मितिः२०८२-११-३०　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　बैठक संख्याः१०

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. सियारी करिडोरमा बोटिङ्ग गर्ने अनुमति सम्बन्धमा।
३. सियारी गाउँपालिका अन्तर्गत तिनाउ नदीको कौवा नाका नजिकबाट नदीजन्य पदार्थ चोरी निकासीको सम्बन्धी ३ नं वडा कार्यालयको कारबाही सिफारिस सम्बन्धमा।
४. तिनाउ र खैरहनी डीह नाका आयोजनालाई दिने सम्बन्धमा।
५. पक्की सडक पुनःमर्मत सम्बन्धमा।
६. शिक्षक दरबन्दी मिलान सम्बन्धमा।
७. सियारी-७ अमुवा बाइपास सडक सम्बन्धमा।
८. स्थानीय शासन कार्यसम्पादन मूल्यांकंन प्रणाली (LGPAS) को जानकारी सम्बन्धमा।
९. सियारी-१ को साँस्कृतिक भवन व्यवस्थापन समितिको नाममा दर्ता रहेको जग्गा गाउँपालिकाको नाममा नामसारी गर्ने सम्बन्धी १ नं वडाको सिपारिस सम्बन्धमा।
१०. सियारी-१ चिल्हिया स्वास्थ्य चौकीमा ल्याव असिस्टेन्ट व्यवस्थापन सम्बन्धमा।
११. दोस्रो चौमासिक सार्वजनिक सुनुवाई तथा प्रगति समीक्षा सम्बन्धमा।
१२. गाउँपालिका स्तरीय कक्षा ५ परीक्षा संचालन सम्बन्धमा।

मितिः२०८२-११-३०　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　बैठक संख्याः१०

**निर्णयहरुः**

| **क्र.स.** | **निर्णयको संक्षिप्त बेहोरा** |
|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको अवस्था बारे जानकारी प्राप्त हुँदा कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयन गर्ने। |
| २ | सियारी गाउँपालिका अन्तर्गत रहेको सियारी पर्यटन करिडोरमा बोटिङ्ग संचालन गर्ने सम्बन्धमा अनुमति माग भएकोमा सो सम्बन्धी सम्भाव्यता अध्ययन गरी नियमानुसार सम्बन्धित निकायको अनुमति प्राप्त भएको अवस्थामा टेण्डर प्रकृया अगाडी बढाउने। |
| ३ | सियारी गाउँपालिका वडा नं. १ र २ को सिमानामा पर्ने कौवा घाट बहादुर टोल भाठा नाकामा निर्वाचनको मौन अवधीको समयमा केही व्यक्तिहरुले अवैध रुपमा नदीजन्य पदार्थ चोरी निकासी गरेको सम्बन्धमा ३ नं वडा कार्यालयको पत्रको सन्दर्भमा बैठकमा छलफल गरियो। उक्त स्थानमा स्थलगत अनुगमन निरीक्षण गर्दा अवैध रुपमा अनुमानित ५७९७४ घन फुट परिमाणको उत्खनन भएको देखिएको हुँदा यसरी अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन गर्ने व्यक्तिहरुलाई आवश्यक कानूनी कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय रुपन्देही र जिल्ला अनुगमन समिति रुपन्देहीलाई अनुरोध गर्ने। साथै, उक्त स्थानमा नजिकै विद्युतको हाईटेन्सन लाईन समेत रहेको र उक्त हाईटेन्सन लाईनलाई खोलाले कटान गर्न सक्ने देखिएको हाईटेन्नसन लाईनको पारी पट्टी बगरमा रहेको नदीजन्य पदार्थ उत्खनन गरी नदीलाई सहज निकास दिनु पर्ने समेत देखिएको। चोरी निकासी गरी बाँकी रहेको नदीजन्य पदार्थ समेत थप चोरी निकासी हुन सक्ने देखिएको हुँदा तत्काल IEE गरी उक्त नदिजन्य पदार्थ गाउँपालिकामा माग गरेका विभिन्न आयोजनाहरुलाई नियमानुसार उपलब्ध गराउने। |
| ४ | सियारी गाउँपालिका वडा नं ७ अन्तर्गत पर्ने तिनाउ नदी अमुवा नाकाको नदीजन्य पदार्थ व्यवस्थापनको लागि प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन गरी आयठेक्का व्यवस्थापन गर्ने। |
| ५ | सियारी गाउँपालिका अन्तर्गतका ७ वटै वडामा भत्किएका वा बिग्रिएका पुराना पक्की सडकहरु दुई चरणमा (प्रथम चरणमा वडा नं १, २, ३ र ७, दोस्रो चरणमा वडा नं ४, ५ र ६) पुनःमर्मत गर्नको लागि आगामी आ.व.२०८३/०८४ को गाउँपालिका र वडा कार्यालयको स्वीकृत बजेटबाट साझेदारीमा भुक्तानी हुने गरी सम्बन्धित वडा कार्यालयबाट लागत अनुमान तयार गरी गाउँपालिकामा सिफारिस गर्ने र मर्मत कार्य गर्न आवश्यक टेण्डर प्रक्रिया अगाडी बढाउने। |
| ६ | सियारी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात व्यवस्थापन तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक दरबन्दी मिलान प्रक्रिया अगाडी बढाउने। |
| ७ | सियारी-७ अमुवा बाइपास सडक निर्माण योजनाको २०८३ जेठ मसान्तसम्म ठेक्का सम्झौताको म्याद थप गर्ने र उक्त सडक निर्माण गर्दा सडक निर्माण क्षेत्रभित्र पर्ने घर भत्काउनको लागि प्राविधिक मूल्यांकन अनुसारको रकम भुक्तानी दिने। |

| | |
|---|---|
| ८ | स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) को विवरण प्रविष्टि तथा उक्त प्रणालीका विषयक्षेत्र, उपक्षेत्र, सूचक, उपसूचक तथा गाउँपालिकाको भूमिका सम्बन्धमा जानकारी भयो। |
| ९ | सियारी गाउँपालिका वडा नं १ मा रहेको साँस्कृतिक भवन व्यवस्थापन समितिको नाममा दर्ता कायम रहेको जिल्ला रुपन्देही साविक चिल्हीया गा.वि.स. वडा नं ४/ख, कित्ता नं.८५८, क्षेत्रफल ०-०-९ को जग्गा सरकारी स्वामित्वमा ल्याउनु पर्ने भएकोले सम्बन्धित निकायमा सिफारिसको लागि १ नं वडा कार्यालयबाट च.नं.१५७४, मितिः२०८२/११/२८ मा प्राप्त पत्रानुसार उक्त समितिको नाममा रहेको साविक चिल्हीया गा.वि.स. वडा नं ४/ख, कित्ता नं.८५८, क्षेत्रफल ०-०-९ को जग्गा नियमानुसार सियारी गाउँपालिकाको नाममा नामसारीको लागि यस कार्यालयमा कार्यरत कर्मचारी अमिन श्री प्रदिप यादवलाई प्रतिनिधि तोकी श्री मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा सिफारिस गर्ने र उक्त कार्य गर्दा लाग्ने खर्च रकम गाउँपालिकाको कार्यालयबाट भुक्तानी दिने। |
| १० | सियारी गाउँपालिका वडा नं १ मा रहेको चिल्हिया स्वास्थ्य चौकीमा ल्याब असिस्टेन्ट पदमा कार्यरत कर्मचारी सरिता जि.एम.ले पारिवारिक कारण देखाई मितिः२०८२/११/०५ देखि लागु हुने गरी पदबाट राजिनामा दिनुभएको हुँदा आम नागरिकको स्थास्थ्य सेवा प्रवाहमा समस्या नपर्ने गरी तत्काल सेवा सुचारु गर्नुपर्ने हुँदा मितिः२०८२/११/२५ गतेदेखि लागु हुने गरी सियारी-७ बस्ने गायत्री सेन ठकुरीलाई दैनिक ज्यालादारी सेवामा ल्याब असिस्टेन्टको रुपमा कामकाजमा लगाउने। |
| ११ | सियारी गाउँपालिकाको आ.व.२०८२/०८३ को दोस्रो चौमासिक प्रगति समिक्षा तथा दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम चैत्र महिनाको अन्तिम हप्ता संचालन गर्ने। |
| १२ | शैक्षिक सत्र २०८२ मा संचालन हुने वार्षिक परीक्षा अन्तर्गत सियारी गाउँपालिका स्तरीय कक्षा ५ को पनि वार्षिक परीक्षा संचालन तथा व्यवस्थापन गर्नको लागि लाग्ने खर्च रकम देहाय अनुसारका शिर्षकबाट भुक्तानी हुने गरी कार्य गर्ने।<br>देहायः<br>क. लागत साझेदारीमा Three star विद्यालय – रु. १ लाख<br>ख. बाल विकास केन्द्र दराज व्यवस्थापन – रु. १ लाख<br>ग. कार्यक्रम खर्च – रु. ७० हजार |
| १२ | सबै वडा कार्यालयहरुले आगामी आ.व.२०८३/०८४ मा संचालन हुने योजना तथा कार्यक्रमहरु सम्वत् २०८३ साल फाल्गुन मसान्तसम्म सम्पन्न गर्ने कार्ययोजना तयार गरी वार्षिक बजेट तथा कार्यक्रम नियमानुसार तयार गर्न वडा कार्यालयलाई निर्देशन दिने। |
| १३ | विविधः<br>क. सियारी-४ बस्ने सत्यवती घिमिरेको स्वास्थ्य उपचारको लागि आर्थिक/सामाजिक सहायता शिर्षकबाट रु.७ हजार आर्थिक सहायता उपलब्ध गराउने। |

| | |
|---|---|
| | ख. सियारी-४ मा रहेको श्री शिवज्योती सामाजिक केन्द्रले शिवरात्रीको अवसरमा शिवरात्री पुजा तथा रक्तदान कार्यक्रम संचालन गरेकोले ४ नं वडा कार्यालयको स्वीकृत कार्यक्रम चाडपर्व धार्मिक कार्यक्रम सहयोग शिर्षकबाट रु.३२,४४५/ भुक्तानी दिने ।<br>ग. सियारी-४ बस्ने सिता खनालको छोरा पुकार खनालको दुर्घटना भई उपचाररत रहेको र निजको पारिवारिक आर्थिक अवस्था कमजोर रहेकोले आर्थिक/सामाजिक सहायता शिर्षकबाट रु.२० हजार आर्थिक सहायता उपलब्ध गराउने ।<br>घ. सियारी-४ बस्ने दुर्गा बहादुर पराजुलीको पत्नी चन्द्रकला पराजुलीको उपचारको लागि आर्थिक/सामाजिक सहायता शिर्षकबाट रु.१० हजार आर्थिक सहायता उपलब्ध गराउने ।<br>ङ. श्री श्री लक्ष्मी नारायण महायज्ञ सेवा समिति, सियारी-२ अमारीलाई महायज्ञ कार्यक्रम संचालन बापत आर्थिक/सामाजिक सहायता शिर्षकबाट रु.२० हजार आर्थिक सहायता उपलब्ध गराउने ।<br>च. सियारी गाउँपालिका अन्तर्गत पर्ने तिनाउ र दानव नदीका विभिन्न घाट क्षेत्रमा नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रण तथा रेखदेखको लागि सियारी-३ बस्ने श्री सुनिल कुर्मीलाई मितिः२०८२/०८/०५ गतेदेखि गाउँपालिकाको सवारी BAA 0926 चलाउने र सुरक्षा नियकायसँगको समन्वयमा गस्तीमा हिँड्नको लागि जिम्मेवारी प्रदान गरिएकोमा रुपन्देही जिल्लाको जिल्ला दररेट अनुसार प्रथम स्तरको हलुका सवारी चालक सरह दैनिक रु.८५०/ रुपैँयाका दरले निजले काम गरेको अवधिको पारिश्रमिक भुक्तानी दिने ।<br>छ. सियारी गाउँपालिका ६ नं वडा कार्यालयको झ्यालढोका तथा पूर्वाधार निर्माणको लागि संचालित विभिन्न योजनाबाट बचत हुने रकमबाट भुक्तानी हुने गरी रु.२ लाख व्यवस्थापन गर्ने ।<br>ज. सियारी-६ मा रहेको दुर्गा मन्दिरमा टायल जडानको लागि संचालित विभिन्न योजनाबाट बचत हुने रकमबाट भुक्तानी हुने गरी रु. २ लाख व्यवस्थापन गर्ने ।<br>झ. सियारी-६, बर्दहवा प्रतिक्षालय निर्माण तथा व्यवस्थापनको लागि संचालित विभिन्न योजनाबाट बचत हुने रकमबाट भुक्तानी हुने गरी रु. २ लाख व्यवस्थापन गर्ने ।<br>ञ. उत्पादनमा आधारित अनुदान (दुध) गत आ.व.२०८१/८२ को बैशाख महिना देखि असार मसान्तसम्मको बजेट अभावका कारणले भुक्तानी बाँकी रहेकोले आर्थिक विकास शाखाबाट पेश हुन आएको टिप्पणी लागएतका कागजातको आधारमा भुक्तानी हुन बाँकी उक्त रकम चालु आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रतिफलमा आधारित अनुदान कार्यक्रम (दुध उत्पादन) रु. २.५/ लि. शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने ।<br>ट. स्वतन्त्र विद्यार्थी युनियन, लिलाधर घिमिरे छपिया जनता कलेज, सियारी-४, रुपन्देहीलाई शैक्षिक कार्यक्रम संचालनको लागि विविध कार्यक्रम खर्च शिर्षकबाट रु.८ हजार आर्थिक सहयोग गर्ने । |

मितिः२०८२-११-३०　　　　　　　　　　　　　　　　　　　　　　　　　　　बैठक संख्याः१०

**सियारी गाउँ कार्यपालिका बैठक निर्णयको प्रतिलिपी उतारः**

प्रस्ताव नं १२. गाउँपालिका स्तरीय कक्षा ५ परीक्षा संचालन सम्बन्धमा ।

**निर्णयः**

| | |
|---|---|
| १२ | शैक्षिक सत्र २०८२ मा संचालन हुने वार्षिक परीक्षा अन्तर्गत सियारी गाउँपालिका स्तरीय कक्षा ५ को पनि वार्षिक परीक्षा संचालन तथा व्यवस्थापन गर्नको लागि लाग्ने खर्च रकम देहाय अनुसारका शिर्षकबाट भुक्तानी हुने गरी कार्य गर्ने ।<br>देहायः<br>क. लागत साझेदारीमा Three star विद्यालय – रु. १ लाख<br>ख. बाल विकास केन्द्र दराज व्यवस्थापन – रु. १ लाख<br>ग. कार्यक्रम खर्च – रु. ७० हजार |